DAILY
# NEWSLETTER
As of JUNE 4, 2026
A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT
सर्वगुण Investor's Club..

## नेप्सेमा करेक्सन, 2800 विन्दुको अवरोध अझै कायम




दुई कारोबार दिनको सुधारपछि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) बिहीबार पुनः दबाबमा देखिएको छ। परिसूचक १३.४६ अंकले घटेर २,७६६.७८ विन्दुमा बन्द हुँदा कारोबार रकम पनि अघिल्लो दिनको ५ अर्ब ७३ करोड रुपैयाँबाट घटेर ४ अर्ब ७० करोड रुपैयाँमा सीमित भएको छ। समग्र बजार ओरालो लागे पनि कालिञ्चोक हाइड्रोपावर १४.९९ प्रतिशतले बढ्दै दिनकै सर्वाधिक लाभ कमाउने कम्पनी बन्यो। न्यादी हाइड्रोपावरमा पनि उल्लेखनीय वृद्धि देखियो। कारोबार रकमका आधारमा एभरेस्ट बैंकको अपरिवर्तनीय ऋणपत्र, आँखा खोला जलविद्युत् र सेन्ट्रल फाइनान्स अग्रस्थानमा रहे। उपसूचकतर्फ म्युचुअल फन्डबाहेक सबै समूह रातारम्मे देखिए। व्यापार समूह सर्वाधिक १.७१ प्रतिशतले घट्दा, अघिल्लो दिन बजेटको प्रभावले बढेका निर्जीवन बीमा तथा होटल–पर्यटन समूहमा पनि नाफा सुरक्षित गर्ने दबाब देखियो। बजार विश्लेषकहरूका अनुसार अल्पकालीन लगानीकर्ताको सक्रिय बिक्रीका कारण बजारमा करेक्सन आएको हो।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | बजार २०D MA भन्दा ABOVE छ। |
| MACD | नेप्सेमा हाल MACD मा Buying (NEGATIVE) देखिएको छ। |
| RSI | RSI 50 पुगेको देखिन्छ। |

| | |
|---|---|
| Support | 2700 |
| Resistance | 2800 |

प्राविधिक रूपमा नेप्से अझै ५० दिने चलायमान औसत (५० एमए) र २,८०० विन्दुको प्रतिरोध क्षेत्र पार गर्न संघर्षरत छ। लगातार दोस्रो दिन उक्त स्तर नाघ्न नसक्नुले बजारको अल्पकालीन कमजोरीलाई संकेत गरेको छ। यद्यपि, बजार अझै 'एसेन्डिङ ट्रायंगल' संरचनाभित्र रहेकाले दीर्घकालीन बनोट पूर्ण रूपमा बिग्रिएको छैन।

बिहीबारको कारोबारमा अर्को महत्वपूर्ण पक्ष अन्तिम एक घण्टाको बिक्री दबाब रह्यो। कुल कारोबारको झण्डै ४७ प्रतिशत हिस्सा बजार बन्द हुनुअघि केन्द्रित भएको थियो, जसले सूचकलाई थप तल धकेल्यो। यही प्रवृत्ति आगामी दिनमा पनि कायम रहने वा बजारले पुनः सपोर्ट लिएर सुधार गर्ने भन्ने कुरा अब २,८०० विन्दुको प्रतिरोध र तल्लो सपोर्ट ट्रेन्डलाइनको परीक्षणले निर्धारण गर्ने देखिन्छ।